तामाकोशी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

| खण्ड १ | संख्या ८ | मिति २०७५।०१।२५ |
|---|---|---|

भाग २

## तामाकोशी गाउँपालिका

नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको कार्यविधि संख्या ८

## अनुगमन मुल्याङ्कन कार्यविधि, २०७५

**प्रस्तावना**

योजना, आयोजना तथा कार्यक्रमको फितलो कार्यान्वयनका कारण समग्र विकास प्रक्रियाले आशातित उपलव्धी हासिल गर्न नसकेको वर्तमान अवस्थामा यस तामाकोशी गाउँपालिकाद्वारा संचालित योजना, आयोजना तथा कार्यक्रहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो एवं जनसहभागितामूलक बनाई सुशासन पर्वर्द्धन गर्दै नतिजामुखी बनाउन वाञ्छनीय भएकोले,

तामाकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तामाकोशी गाउँ कार्यपालिकाको मिति २०७५/०१/२३ को बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम **"अनुगमन मुल्याङ्कन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि तामाकोशी गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“अध्यक्ष”** भन्नाले तामाकोशी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ख) **“अनुगमन”** भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भए, नभएको कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भए नभएको सम्बन्धमा गाउँ कार्यपालिका, वडा समिति वा कार्यालयबाट तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्छ ।

(ग) **“अनुगमन मूल्यांकन समिति”** भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ । सो शब्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्यांकन समिति समेतलाई जनाउँछ ।

(घ) **“उपाध्यक्ष”** भन्नाले तामाकोशी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) **“कार्यविधि”** भन्नाले **तामाकोशी गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७५** सम्झनुपर्छ ।

(च) **“गाउँपालिका”** भन्नाले तामाकोशी गाँउपालिकालाई सम्झनुपर्छ ।

(छ) **“मुल्याङ्कन”** भन्नाले तोकिएका सूचकका आधारमा कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा कतिको उपलव्धी एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनुपर्छ ।

## परिच्छेद – २

## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति :** (१) गाउँपालिका सरहदभित्र सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी वनाउन गाउँपालिकास्तरमा उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक **अनुगमन तथा मूल्याङ्कन समिति** रहनेछ :

**(क) गाउँपालिकाको उपाध्यक्ष :संयोजक**

**(ख) कार्यपालिकाले मनोनयन गरेको सम्बन्धित वडाको वडाध्यक्ष स्वतः रहने गरी कार्यपालिका सदस्य बढीमा २ जना :सदस्य**

तर, यसरी मनोनयन गर्दा पालो मिलाई फरक-फरक वडा अध्यक्ष तथा कार्यपालिका सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।

**(ग) प्रविधिक शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारीः सदस्य**

तर, उक्त समितिका सदस्यका अतिरिक्त अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अन्य कर्मचारीलाई अनुगमन मूल्याङ्कन गर्न बाधा पुगेको मानिने छैन ।

(२) वडामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन तथा कार्यान्वयन गर्न वडाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

**(क) वडाध्यक्ष : संयोजक**

**(ख) वडा समितिले मनोनयन गरेको एक जना वडा सदस्य : सदस्य**

तर, यसरी वडा समितिले सदस्य मनोनयन गर्दा पालो मिलाई जिम्मेवारी तोकिएको क्षेत्रसँग सम्बन्धित फरक-फरक वडा सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।

**(ग) वडा सचिव : सदस्य**

**(घ) वडामा कार्यरत प्राविधिक कर्मचारी - सदस्य**

**४. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ को उपदफा (१) वमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमको नियमित एवं आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) दफा ३ को उपदफा (२) वमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित एवं आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा, गाउँ कार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन वडा समिति बैठक समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–३

## अनुगमन तथा मुल्याङ्कनकर्ताले पाउने सेवा, सुविधा

**५. अनुगमन तथा मुल्याङ्कनकर्ताको सुविधा :** (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) दैनिक भत्ता प्रतिदिन रु. ८५०।००

(२) यातायात खर्च प्रतिदिन रु. २५०।००

(३) खाजा खर्च प्रतिदिन रु. २००।००

(२) दफा ३ को उपदफा (२) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) दैनिक भत्ता प्रतिदिन रु. ३५०।००

(२) यातायात खर्च प्रतिव्यक्ति रु. १५०।००

(३) खाजा खर्च प्रतिदिन प्रतिव्यक्ति रु. २००।००

तर, बुँदा ३ को उपबुँदा (१) र (२) बमोजिम गठित समितिका पदाधिकारी एवं कर्मचारीहरुले पाउने अनुगमन तथा मुल्याङ्कन सुविधा एक हप्तामा बढीमा दुई दिनसम्मको मात्र उपलब्ध हुनेछ ।

(३) अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अन्य कर्मचारी अनुगमन तथा मुल्याङ्कनमा जाँदा उपदफा (१) वमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

## परिच्छेद – ४

## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**६. अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :** दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिका सदस्यले अनुसूचि १ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**७. प्रतिवेदन पेश गर्ने अवधि :** (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन पश्चात तत्काल बस्ने कार्यपालिका बैठक समक्ष पेश गर्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन पश्चात तत्काल बस्ने  वडा समितिको बैठक समक्ष पेश गर्नेछ ।

## परिच्छेद – ५
## विविध

**८. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिका स्तरको समितिको सिफारिसमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**९. संशोधन :** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको  अधिनमा रही गाउँ कार्यपालिकाको हुनेछ ।

**१०. बचाउः** यो कार्यविधि जारी हुनुभन्दा पहिले भए गरेका कार्य तथा प्रदान गरिएका सेवा सुविधा यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

## अनुसूची-१
**(दफा ६ सँग सम्वन्धित)**

**अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन**

| योजना, आयोजना तथा कार्यक्रमको नाम र ठेगाना | योजना, आयोजना तथा कार्यक्रमको अवस्था | लाभग्राही वा स्थानीय नागरिकको सुझाव वा गुनासो | उपभोक्ता समितिको पदाधिकारीहरुको | |
|---|---|---|---|---|
| | | | नाम, थरः<br>पदः | दस्तखतः<br>मितिः |
| | | | | |

**उल्लेख गर्नुपर्ने अन्य कुनै व्यहोरा भए :**

**अनुगमन तथा मुल्याङ्कनकर्ताको :**

| सि.नं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |

प्रमाणीकरण मितिः २०७५।०१।२४

आज्ञाले,
दीपेश कट्टेल
प्रमुख प्रशासकीय अधिकृत